मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क ८५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ चैत २८ गते शनिबार ❑ 11 Apr. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।–

## पार्टीमा एकता र अनुशासनको खाँचो छ : सभापति थापा

पोखरापत्र संवाददाता
पोखरा, २७ चैत

नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले पार्टीमा एकता र अनुशासनको खाँचो भएको बताउनुभएको छ।

नेपाली कांग्रेस गण्डकी प्रदेशको आयोजना र जिल्ला शाखाको व्यवस्थापनमा शुक्रबार पोखरामा आयोजित 'निर्वाचन समीक्षा र कांग्रेसको अबको बाटो' विषयक कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले भन्नुभयो, "एक वर्षपछिको स्थानीय र प्रदेश निर्वाचनलाई ध्यान दिँदै कठिन मेहनत गर्नुपर्ने छ।"



संसारभरि 'पपुलिजम' र नयाँ मिडियाका कारण पुराना राजनीतिक पार्टी अप्ठ्यारोमा परेको बताउँदै उहाँले सबैतिर राजनीतिक र आर्थिक उदारवाद आवश्यक देखिएको उल्लेख गर्नुभयो । त्यसैगरी उपसभापति विश्वप्रकाश शर्माले विशेष महाधिवेशनबाट कांग्रेसको नयाँ नेतृत्व चयन भएकै कारण विधि मिच्यो भनेर अदालतमा जानुको कुनै औचित्य नभएको बताउँदै अब एक ढिक्का भएर पार्टीलाई कसरी अगाडि बढाउने भन्ने बारेमा चिन्तन गर्न नेताहरु लाग्नुपर्नेमा जोड दिनुभयो । थापाको नेतृत्वलाई अगाडि बढाउँदै कांग्रेसले आफ्नो कार्ययोजना अघि बढाउनुपर्ने उहाँको भनाइ थियो । महामन्त्री प्रदीप पौडेलले निर्वाचनको परिणामलाई समीक्षा गर्दै सच्चिएर जाने मौका मिलेको बताउनुभयो । उहाँले पार्टीभित्र सुधार गर्नुपर्ने विषय खोज्नु पर्नेमा जोड दिनुभयो ।

## आलु महोत्सव सुरु

पोखरापत्र संवाददाता
पोखरा, २७ चैत

राष्ट्रिय हेमजा आलु महोत्सव आजदेखि सुरु भएको छ । "सुन्दर ठाउँ हेमजा जाउँ, आलुका स्वादिष्ट परिकार खाउँ, आलु एक परिकार अनेक" भन्ने नाराका साथ सुरु उक्त महोत्सव आउँदो वैशाख ५ गतेसम्म चल्नेछ ।



महोत्सव उद्घाटन गर्दै पोखरा महानगरपालिका प्रमुख धनराज आचार्यले कृषि उपजका नाममा महोत्सव हुनु आफैमा महत्वपूर्ण भएको उल्लेख गर्दै आलु महोत्सवले समग्र पोखरालाई नै ब्राण्डीङ गर्न सफल भएको सुनाए । उनले आलु महोत्सवलाई महानगरले प्राथमिकतामा राखेको उल्लेख गर्दै सोही अनुसार रातो कितावमा समेटिएको स्पष्ट पनि पारे । हेमजाका विकास आयोजना चौर ासी नहर, साँझाचोक तिब्वतीयन क्याम्प सडक तथा सुईखेत खोला व्यवस्थापन लगायतका योजना महानगरको प्राथमिकतामा रहेको पनि उनले उल्लेख गरे । महानगरपालिका प्रवक्ता समेत रहेका पोखरा २५ का वडाध्यक्ष मोतिलाल तिम्सिनाले महानगर किसानको पक्षमा रहेको दावी गर्दै आलु महोत्सव हेमजावासीको चाड भएको भनाई राखे । उनले कृषि मर्यादित, गर्वलायक पेशा भएको जनाउँदै आलु महोत्सवका कारण हेमजा राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा चिनिन सफल भएको दावी गरे । पोखरा महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत मुक्तिराम अर्यालले महोत्सवले कृषिमा आत्मनिर्भर हुनुपर्ने संदेश दिएको उल्लेख गर्दै महानगर कृषि, पर्यटन तथा व्यापार मार्फत स्थानीयको जीवनस्तर उठाउन लागि परेको भनाई राखे। उनले त्यस क्रममा आलुको इतिहासमा बारेमा स्पष्ट पनि पारे ।

मूल समारोह समितिका अध्यक्ष वसन्तकुमार श्रेष्ठले सरोकारवालाको साथ सहयोगमा आलु महोत्सवलाई निरन्तरता दिन पाएकोमा खुशी व्यक्त गर्दै महोत्सव मार्फत पोखरामा कृषि पर्यटक बृद्धि हुने अपेक्षा सुनाए । महोत्सवको जननी संस्था किसान बहुउद्देश्यीय सहकारी संस्थालाई धन्यवाद दिर्दै संयोजक श्रेष्ठले कृषि जीवन बचाउने कर्म भएको चर्चा गरे । महोत्सव सुरु हुनुपुर्व हेमजा स्थित विष्णुपादुका माईस्थानबाट बाजा गाजा सहित कृषि झाँकी र्‍याली निकालियो ।

उक्त र्‍याली मिलनचोक, साँझाचोक हुँदै महोत्सव स्थल विष्णुपादुका खेलमैदान प्रवेश गरेसँगै मूल समारोहमा परिणत भयो । महोत्सव अन्तर्गत आलु तथा ताजा तरकारीको बृहत प्रदर्शन, आलुको ठुलो पहाड निर्माण, आलुका विभिन्न परिकार, कृषकका लागि माटो, वोट विरुवा, परीक्षण तथा रोग निधान, कृषक र कृषि सम्बन्धी विविध सांस्कृतिक कार्यक्रम हुनेछन् । त्यस्तै कृषि झाँकी प्रतियोगिता, चर्चित कलाकारका प्रस्तुति लगायत विभिन्न कृषि उपज विउ विजन तथा अन्य कृषि यन्त्रको प्रदर्शनी लगायतका गतिविधि पनि संचालन गरिने आयोजक विष्णुपादुका क्लवले जनाएको छ। महोत्सवमा आलुको परिकारको एउटा स्टल, ३० वटा कृषि स्टल तथा अन्य सय वटा

बाँकी अन्तिम पृष्ठमा ▶▶

## उपसभामुखमा ठाकुर

रासस
काठमाडौं, २७ चैत

प्रतिनिधिसभाको उपसभामुख पदमा श्रम संस्कृति पार्टीकी रुबीकुमारी ठाकुर निर्वाचित हुनुभएको छ।

सभाको शुक्रबारको बैठकमा प्रस्तावक र समर्थकहरूको छलफलपछि भएको मतदानमा ठाकुर अत्यधिक मतसहित निर्वाचित हुनुभएको सभामुख डोलप्रसाद अर्यालले घोषणा गर्नुभयो । मतदानमा ठाकुरको पक्षमा दुई सय २९ र प्रतिस्पर्धी राष्ट्रिय प्रजातन्त्र



पार्टी (राप्रपा) की सरस्वती लामाका पक्षमा पाँच मत खसेको थियो । कुनै पनि उम्मेदवारलाई मत दिन्न भन्नेमा २२ मत खसेको थियो। हाल प्रतिनिधिसभामा दुई सय ७५ सदस्य रहेकामा मतदानमा दुई सय ५६ जना सांसदले भाग लिनुभएको थियो । सयैबीच, सभामुख अर्यालले विजयी ठाकुरलाई बधाई दिनुभयो। विजयी हुनुभएकी २६ वर्षीया ठाकुरलाई राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)सहित नेपाली कांग्रेस, नेपाल कम्युनिष्ट पार्टी (एमाले) र नेपाली कम्युनिष्ट पार्टी (नेकपा)ले मत दिएका थिए । यसैगरी राष्ट्रपति रामचन्द्र पौडेलको उपस्थितिमा सभामुख डोलप्रसाद अर्यालबाट नवनिर्वाचित

बाँकी अन्तिम पृष्ठमा ▶▶

## खेलकुदले राष्ट्रको गौरव, शान, मान, पहिचान स्थापित गरेको छ: प्रदेश प्रमुख भट्ट

पोखरापत्र संवाददाता
पोखरा, २७ चैत

गण्डकी प्रदेशका प्रमुख डिल्लीराज भट्टले खेलकुदले राष्ट्रको गौरव, शान, मान, पहिचान स्थापित गरेको बताउनुभएको छ।

लमजुङ स्थित पर्यटकीय घलेगाउँको स्वर्गभूमि रंगशालामा युवा तथा खेलकुद समिति, क्वहोलासोथार गाउँपालिकाले



आयोजना गरेको तेस्रो अध्यक्ष कप पुरुष तथा महिला फुटबल प्रतियोगितामा प्रमुख अतिथि भट्टले यस्तो बताउनुभएको हो ।

उहाँले खेल शारीरिक तथा मानसिक स्वास्थ्यको आधार मात्र नभएर कुटनीति, अर्थतन्त्र एवं सहकार्य र एकताको स्तम्भसमेत रहेको उल्लेख गर्नुभयो । 'खेल क्षेत्रको विकास राष्ट्र विकासको महत्वपूर्ण आधार हो । खेलको विकासबाट राष्ट्रको सर्वाङ्गीणको ढोका खोल्न सकिन्छ ।' उहाँले भन्नुभयो - 'नेपाल खेलकुदको माध्यमबाटसमेत चिनिँदै गएको छ । सशक्त र पूर्वाधार सम्पन्न मुलुकहरुलाई खेलकै माध्यमबाट पराजित गर्न सकेका छौँ ।'

प्रदेश प्रमुख भट्टले खेलकुदको सकारात्मक प्रभावले युवाहरूको शरीर र दिमाग दुवैको विकासमा योगदान पुऱ्याउने भएकाले यसको विकास र सम्वर्द्धन जरुरी रहेको बताउनुभयो । उहाँले भन्नुभयो - 'स्वस्थ शरीर नै एउटा मान्छेका लागि सुख र आनन्द हो । अनुशासित स्वस्थ शरीर र स्वस्थ मस्तिष्क भएको नागरिक उत्पादनमा खेलकुद सहयोग सिद्ध छ । स्वस्थ शरीर र निरोगी मस्तिष्कबाट नागरिकले सुन्दर भविष्यको रुपरेखा कोर्छन् । अनि मात्र मुलुक समृद्ध बन्दछ ।' ग्रामीण घरबासका लागि प्रख्यात

बाँकी अन्तिम पृष्ठमा ▶▶

श्री गणेश तथा भद्रकाली मन्दिर सेवा समिति
पोखरा महानगरपालिका वडा नं. १२/१३
कुँडहर, कास्की, फोन नं.: ०६१-५७५९०७


सूचना सहितको विशेष अनुरोध !

यस धार्मिक संस्था श्री गणेश तथा भद्रकाली मन्दिर सेवा समिति कुँडहर, पोखरा-१२/१३ को १० औं अधिवेशन सहित १९ औं वार्षिक साधारण सभा यही मिति २०८२ साल चैत्र महिनाको २८ गते शनिबार बिहान १०:३० बजे भद्रकाली मन्दिर परिसरमै आयोजना हुन गइरहेकाले यस संस्थाका सम्पूर्ण आजीवन तथा साधारण सदस्य सभासद् ज्यूहरु सहित भद्रकाली मन्दिरलाई माया गर्ने चिन्ने जान्ने छिमेकी सबै सर्वसाधारण महानुभाव ज्यूहरु लगायत उक्त कार्यक्रमसँग सम्बन्धित सबैलाई निमन्त्रणा पठाइसकिएको छ । निमन्त्रणा पत्र प्राप्त नभएको भए यसै सूचनालाई आधारमानी कार्यक्रममा उपस्थितका लागि हार्दिक अनुरोध गर्दछौं ।

कालीमाताले हामी सबैको कल्याण गरुन्।

योगेन्द्रमान श्रेष्ठ
अध्यक्ष एवं
श्री गणेश तथा भद्रकाली मन्दिर सेवा समिति परिवार
कुँडहर, पोखरा-१२/१३

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# अन्नपूर्ण गाउँपालिकाको सार्वजनिक सुनुवाइ

पोखरापत्र संवाददाता
पोखरा, २७ चैत

अन्नपूर्ण गाउँपालिका, कास्कीले आर्थिक वर्ष २०८२/०८३ को दोस्रो चौमासिक प्रगति समीक्षा गर्दै शुक्रबार सार्वजनिक सुनुवाइ कार्यक्रम सम्पन्न गरेको छ। गाउँपालिकाको वडा नं. ७, तोल्कास्थित हिमालय माध्यमिक विद्यालयको प्राङ्गणमा सम्पन्न उक्त कार्यक्रममा स्थानीय सरोकारवालाको उल्लेखनीय सहभागिता रह्यो।

वडा नं. ७ का वडाध्यक्ष तथा गाउँपालिका प्रवक्ता भरतमान गुरुङले उपस्थित सम्पूर्णलाई स्वागतसहित सार्वजनिक सुनुवाइले स्थानीय सहभागिता सुदृढ गर्ने उल्लेख गर्दै यस्ता कार्यक्रमलाई निरन्तरता दिइने बताए। गम्भीर, प्रश्नमुखी र उत्तरदायी वातावरणमा सम्पन्न भएको कार्यक्रममा जनप्रतिनिधि, कर्मचारी र स्थानीयवासीबीच खुला संवाद भएको थियो।

प्रमुख प्रशासकीय अधिकृत चिरञ्जीवी बरालले चालु आर्थिक वर्षको प्रगति प्रतिवेदन प्रस्तुत गर्दै बजेट खर्च, योजनाको कार्यान्वयन अवस्था तथा सेवा प्रवाहमा भएका सुधारबारे जानकारी दिए। प्रस्तुत तथ्याङ्कले पारदर्शिताको संकेत गरे पनि स्थानीयले उठाएका प्रश्नहरूले कार्यान्वयन पक्ष अझ



सुदृढ गर्नुपर्ने आवश्यकता औंल्याए। सार्वजनिक सुनुवाइमा विकास निर्माण, स्वास्थ्य, शिक्षा, यातायात र खानेपानीसँग सम्बन्धित समस्या प्रमुख रूपमा उठेका थिए। स्थानीय महेन्द्रकुमार आलेले लुम्ले-लान्द्रुक सडक निर्माणमा ढिलासुस्ती, कमजोर अनुगमन तथा माझगाउँ हेल्थपोस्ट प्रभावकारी रूपमा सञ्चालन हुन नसकेको गुनासो गरे। खानेपानी योजनाका कमजोरी पनि उनले औंल्याए ।त्यस्तै, भगवान पौडेलले लान्द्रुक मोदी हाइड्रोपावरले सामाजिक उत्तरदायित्व पूरा नगरेको भन्दै असन्तुष्टि व्यक्त गरे। "सार्वजनिक सुनुवाइ किन नगर्ने?" भन्ने प्रश्नले जनअपेक्षा र कार्यान्वयनबीचको दूरीलाई उजागर गरेको थियो। साथै, लुम्ले-लान्द्रुक क्षेत्रमा सार्वजनिक यातायात अनियमित हुँदा सर्वसाधारण मारमा परेको गुनासो व्यापक रूपमा सुनियो।

यसैगरी, तोल्का-भिचुक झोलुङ्गे पुलको डीपीआर तयार भए पनि निर्माण अघि नबढेको, सामुदायिक भवनको अभाव, शिक्षक सरुवामा पारदर्शिताको कमी, ट्रेकिङ मार्ग मासेर सडक निर्माण गरिएको र पर्यटन संकेत (साइनबोर्ड) को अभावजस्ता विषयहरू पनि उठाए। संघ र प्रदेशबाट प्राप्त बजेट फिर्ता किन भयो भन्ने विषयमा समेत जवाफ मागिएको थियो। अपाङ्गता भएका स्थानीय होमबहादुर थापाले आफूले पाउने भत्तामा असमानता भएको गुनासो गर्दै कृत्रिम खुट्टा जडानका लागि पहल गरिदिन आग्रह गरे। हिमालय माध्यमिक विद्यालयका प्रधानाध्यापक दिलबहादुर थापाले विद्यालयमा आइसीटी पूर्वाधारको अभाव, जीर्ण भवन, अस्वच्छ खानेपानी, कक्षाकोठा अभाव, सभा हल र खेलमैदान नहुनु, तारबारको कमी तथा दरबन्दी न्यून रहेको समस्या औंल्याएका थिए। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष श्यामप्रसाद गुरुङले शिक्षामा पर्याप्त लगानी नभएको भन्दै सुधारका लागि ठोस कार्ययोजना आवश्यक रहेको बताए। उनले हाइड्रोपावर कम्पनीहरूले सामाजिक उत्तरदायित्व अन्तर्गत शिक्षा क्षेत्रमा योगदान गर्नुपर्ने धारणा राखे। उठेका गुनासाहरूको जवाफ दिँदै गाउँपालिका अध्यक्ष विष्णुबहादुर केसीले सीमित स्रोत र कानुनी दायराभित्र रहेर योजनाबद्ध रूपमा समस्या समाधानतर्फ अघि बढिरहेको बताए। उनले आगामी दिनमा थप प्रभावकारी योजना र पारदर्शी कार्यशैली अपनाउने प्रतिबद्धता जनाए। उपाध्यक्ष चन्द्रकला अधिकारीले महिला, बालबालिका, जेष्ठ नागरिक तथा विपन्न वर्ग लक्षित कार्यक्रमलाई प्राथमिकता दिइने स्पष्ट पारिन्।

कार्यक्रमका सहजकर्ता पत्रकार प्रकाश ढकालले सार्वजनिक सुनुवाइलाई औपचारिकतामा सीमित नराखी व्यवहारिक सुधारको आधार बनाउनुपर्नेमा जोड दिए। उनका अनुसार, उठेका प्रश्नहरूको समयमै समाधान गर्न सकेमा गाउँपालिकाको विकास यात्राले थप गति लिने बिश्वास व्यक्त गरे। कार्यक्रम ए एण्ड ए मिडिया प्रा.लि., पोखराको सहजीकरणमा सम्पन्न भएको थियो।

# सेनाको गोरखा-जितगढी एकीकरण पदयात्रा

पोखरापत्र संवाददाता
तनहुँ, २७ चैत

दमौली (तनहुँ), २७ चैतः नेपाली सेनाको गोरखा-जितगढी एकीकरण पदयात्रा सुरु भएको छ। पृथ्वीनारायण शाहले नेपाल एकीकरणका गर्न हिँडेका पदमार्गको प्रचारका निम्ति पदयात्रा सुरु भएको हो।

पदमार्गमा पर्ने कोट, गढी, किल्लाहरुको संरक्षण तथा तिनको इतिहासबारे सर्वसाधारणलाई जानकारी गराउनुका पदयात्राको उद्देश्य भएको भद्रदल गणका गणपति गौरवसिंह क्षेत्रीले जानकारी दिनुभयो। गोरखा दरबारबाट शुक्रबारबिहान सखारै प्रारम्भ भएको पदयात्रा तनहुँको सतिघाट- भन्सार-भीमसेनगढी-बाङ्गेरह-सेपाबगैँचा-टुहुरेपसल-तनहुँसुर-धेनुङ देउराली-केलादीघाट हुँदै आगामी वैशाख ७ गते पाल्पाको जितगढी पुगेर तत्कालिन राजा पृथ्वीनारायण शाहले राज्य एकीकरणका क्रममा प्रयोग गरेका पदमार्गको प्रचार गर्दै कोट, गढी र किल्लाहरूको संरक्षण गर्ने, इतिहासबारे सर्वसाधारणलाई जानकारी गराउने तथा एकीकरण अभियानसम्बन्धी भावना भावी पुस्तामा हस्तान्तरण गर्ने उद्देश्यले आजदेखि पदयात्रा सुरु हुन लागेको हो।

शुक्रबारदेखि सुरु हुने पदयात्रा तनहुँ र पाल्पा हुँदै जितगढी पुग्नेछ। गोरखाबाट सुरु भएको पदयात्रा सोही दिन साँझ तनहुँको ऐतिहासिक स्थल सतिघाट आइपुग्नेछ। गोरखा दरबारबाट सुरु हुने पदयात्रा सोही दिन ३५ किलोमिटर दूरी पार गर्दै तनहुँको सतिघाट हुँदै भन्सारसम्म आइपुग्नेछ।

गोरखाको रुद्रध्वज गणले भन्सारबाट भानु नगरपालिकास्थित भद्रदल गणलाई पदयात्राको झन्डा हस्तान्तरण गर्ने भद्रदल गणका गणपति प्रमुख सेनानी गौरवसिंह क्षेत्रीले जानकारी दिनुभयो।

भन्सारबाट २८ गते प्रस्थान गर्ने टोली तनहुँकै भीमसेन गढी हुँदै बाङ्गेरह, सेपाबगैँचा, टुहुरेपसल हुँदै तनहुँसुर आइपुग्नेछ। तनहुँसुर दरबारमा व्यास नगरपालिकाको समन्वयमा पदयात्रीलाई स्वागत गर्ने कार्यक्रम छ। तनहुँसुर आएपछि उक्त पदयात्राको झन्डा कालीभञ्जन गण (ई) लाई हस्तान्तरण गर्ने कार्यक्रम छ। तनहुँसुरबाट पदयात्रा टोली तनहुँकै धेनुङ देउराली पुग्नेछ। धेनुङ देउरालीमा श्री नं ३ राजदल गणलाई झन्डा हस्तान्तरण गरिने कालीभञ्जन गण (ई) का प्रमुख सेनानी हरि खड्काले जानकारी दिनुभयो। धेनुङ देउरालीबाट केलादीघाटसम्म पुगेको टोलीलाई श्री द फेमस महेन्द्रदल गणलाई झन्डा हस्तान्तरण गरिने नेपाली सेनाले जनाएको छ। केलादीघाटदेखिनुवाकोटगढीसम्म पुगेको टोलीले तारा दल गणलाई झन्डा हस्तान्तरण गर्नेछ भने वैशाख ७ गते पदयात्रा टोली नुवाकोटगढीदेखि जितगढीसम्म पुग्ने कार्यक्रम रहेको छ।

पदयात्रामा बाजागाजा, राष्ट्रिय झन्डा तथा एकीकरणका क्रममा स्थापना भएका पाँच प्रथम कम्पनी (श्रीनाथ, कालीबक्स, पुरानो गोरख, बर्दवाणी र सबुज) र जितगढी लडाइँमा सहभागी गुरुबक्स गुल्मको झन्डा समावेश गरिने नेपाली सेनाले जनाएको छ। गोरखादेखि जितगढीसम्मको दूरी ३०५ किलोमिटर रहेको छ। नेपाली सेनाले हरेक वर्ष गोरखा-जितगढी पदयात्रा गर्दै आएको छ।

# 'इभी' दुर्घटनामा भारतीय तीर्थयात्रीसहित छ जना घाइते

पोखरापत्र संवाददाता
म्याग्दी, २७ चैत

यहाँको बेनी नगरपालिका-९ जलेश्वर नजिकै आज अपराह्न भएको 'इभी' (इलेक्ट्रिक भ्यान) दुर्घटना हुँदा भारतीय तीर्थयात्रीसहित छ जना घाइते भएका छन्।

मुस्ताङको मुक्तिनाथ दर्शन गरी फर्कँदै गरेका भारतीय तीर्थयात्री चढेको ग१ज ८४३६ नम्बरको इभी बेनी-जोमसोम-कोरला सडकमा पर्ने जलेश्वरमा दुर्घटना भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

एक जना घाइतेलाई थप उपचारका लागि पोखरा पठाइएको र पाँच जनाको प्रदेश अस्पताल बेनीमा उपचार गरिएको अस्पतालका सूचना अधिकारी झरना श्रेष्ठले जानकारी दिनुभयो। भारतका २६ वर्षीया दिना मादी, ३६ वर्षीय त्रिवेणी भारत, ५० वर्षीय प्रमोदशङ्कर यादव, २८ वर्षीय कैलाश देयानी, ७० वर्षीय निरन्जन दास खन्ना र आबुखैरेनी-२ तनहुँका २२ वर्षीय सन्तोष भुजेल घाइते हुनुभएको हो।

जलेश्वरमा बुधबार अपराह्न पनि ट्रक र बस ठोक्किँदा मुक्तिनाथ दर्शन गरेर फर्कँदै गरेका १५ जना तीर्थयात्री घाइते भएका थिए।

पन्ध्र जना सवार गाडी गुडिरहेको अवस्थामा एक्कासी अनियन्त्रित भएर सडकको कुनामा ठोक्किएर दुर्घटना भएको प्रहरी निरीक्षक सागर तिमिल्सिनाले बताउनुभयो।

# ठिनीमा स्याउ चिस्यान गृह निर्माण

पोखरापत्र संवाददाता
मुस्ताङ, २७ चैत

घरपझोङ गाउँपालिका-५ ठिनीमा स्याउ सङ्कलन तथा चिस्यान गृह निर्माण गरिएको छ। सङ्घीय सरकारको विशेष अनुदान कार्यक्रमअन्तर्गत शीतोष्ण फलफूल तथा स्याउ सङ्कलन र भण्डारणका लागि चिस्यान गृह निर्माण गरिएको हो।

सङ्घीय सरकारद्वारा आर्थिक वर्ष २०८१/८२ का लागि प्राप्त विशेष अनुदानबाट रु ५९ लाखको लागतमा ३० मेट्रिक टन क्षमताको फलफूल भण्डारण गर्ने चिस्यान गृह निर्माण गरिएको घरपझोङगाउँपालिकाका इन्जिनियर चक्रबहादुर बमले जानकारी दिनुभयो। ठिनी गाउँमा १० मेट्रिक टन क्षमताका तीन चिस्यान गृह निर्माण गरिएका



हुन्।

घरपझोङ गाउँपालिका-५ का वडाध्यक्ष प्रदीप थकालीका अनुसार ठिनी गाउँमा उत्पादित स्याउ सङ्कलन गरी चिस्यान गृहमा राख्न सहकारीमार्फत प्रस्ताव पेस गरी काम सम्पन्न गरिएको हो। स्थानीय किसानले उत्पादन गरेको स्याउ सङ्कलन गरी चिस्यान गृहमा राखिनेछ।

मुस्ताङको स्याउ बजारीकरणमा खासै समस्या नभए पनि यहाँ आउने पर्यटकलाई बेमौसममा समेत स्याउको स्वाद चखाउन तथा चिस्यान गृहमा राखिएको ताजा स्याउलाई कोसेलीका रूपमा बिक्री गर्ने उद्देश्यले उक्त संरचना निर्माण गरिएको हो। फल्ने समय बाहेकमा पनि स्याउ ताजा र महँगो मूल्यमा बिक्री गर्न सकिने भएकाले किसानलाई थप लाभ पुग्ने अपेक्षा गरिएको वडाध्यक्ष थकालीले बताउनुभयो। यसअघि सिजनमा स्थानीय तथा बाहिरी व्यापारीले स्याउ खरिद गरी सिधै बजार पुऱ्याउने गर्दा सिजनबाहेक अन्य समयमा पर्यटकले स्याउको स्वाद चाख्न पाउँदैनथे।

अब चिस्यान गृह निर्माण भएसँगै ठिनी गाउँमा उत्पादित स्याउ बेमौसममा पनि उपलब्ध हुने उहाँको भनाइ छ। चिस्यान गृह निर्माण भएसँगै ठिनी गाउँका करिब १०० किसान प्रत्यक्ष लाभान्वित हुने बताइएको छ। साथै, घरपझोङ गाउँपालिकाले स्याउ सङ्कलन, ग्रेडिङ, प्याकेजिङ र बजारीकरणका लागि आवश्यक पूर्वाधारसमेत निर्माण गरेको छ।

# नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १४, प्रतिभा टोल स्टीट नं. ८ बाटो ढलान गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः प्रतिभा टोल स्टीट नं. ८ बाटो ढलान
ठेगानाः पोखरा-१४, प्रतिभा टोल
योजना सम्झौता मिति : २०८२/०९/२९ गते
योजना सुरु हुने मितिः २०८२/०९/३० गते
योजना सम्पन्न हुने मितिः २०८३/०३/१५ गते
योजनाको कुल लागतः रु. ५८८६९३.१९
महानगरपालिकाबाटः रु. ५,००,०००।-
जनसहभागिताबाटः रु. ८८६९३.१९
उपभोक्ता समिति अध्यक्षः देवीप्रसाद गौली
उपभोक्ता समिति सदस्यः ७ जना महिलाः ३ पुरुषः ४ जना

**प्रतिभा टोल स्टीट नं. ८ बाटो ढलान उपभोक्ता समिति पोखरा-१४**

# पोखरा आदर्शमा बजार सर्वेक्षण तथा व्यवसाय अध्ययन सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, २७ चैत

पोखरा आदर्श माध्यमिक विद्यालय, बगरमा कक्षा ११ व्यवस्थापन सङ्कायका विद्यार्थीहरूले "बुक फ्री ड" अन्तर्गत सञ्चालन गरिएको बजार सर्वेक्षण तथा व्यवसायिक अध्ययन सफलतापूर्वक सम्पन्न गरेका छन्।

चैत २६ गते सम्पन्न उक्त कार्यक्रममार्फत विद्यार्थीहरूले वास्तविक व्यवसायिक वातावरणमा गएर अध्ययन, अवलोकन तथा तथ्यांक संकलन गरेका हुन्।

करिब ६० जना विद्यार्थीहरू समूहगत रूपमा विभाजन भई नदीपुर र बगर क्षेत्रका विभिन्न साना तथा मध्यम व्यवसायहरूमा पुगेका थिए। विद्यार्थीहरूले पसल, क्याफे तथा सेवा-केन्द्रहरूमा गई ग्राहकको प्रकृति, बिक्री हुने सामान, डिजिटल भुक्तानीको प्रयोग, दैनिक चुनौतीहरू लगायतका विषयमा प्रत्यक्ष संवाद गरी जानकारी संकलन गरेका थिए। संकलित तथ्यांकका आधारमा विद्यार्थीहरूले आफ्नो रिपोर्ट तयार गरी विद्यालयमा बुझाएका छन्।

कार्यक्रमबारे निर्देशक नारायण न्यौपानेले भने, "विद्यार्थीलाई कक्षाकोठाबाट बाहिर निकालेर वास्तविक संसारसँग जोड्नु नै आजको आवश्यकता हो।

यस्तो प्रकारको फिल्ड वर्कले उनीहरूमा व्यवस्थापनसम्बन्धी व्यवहारिक ज्ञान र आत्मविश्वास दुवै बढाउँछ।"

विद्यार्थीहरू पनि यस कार्यक्रमप्रति उत्साहित देखिएका थिए। कक्षा ११ की विद्यार्थी गरिमा जैसीले आफ्नो अनुभव सुनाउँदै भनिन्, "हामीले व्यवसाय कसरी सञ्चालन हुन्छ भन्ने कुरा प्रत्यक्ष रूपमा बुझ्न पायौं। ग्राहकसँग कसरी व्यवहार गर्ने र समस्या कसरी समाधान गर्ने भन्ने कुरामा धेरै सिक्न पायौ।" त्यसैगरी विद्यार्थी दिवस प्रजापतिले भने, "यो कार्यक्रम निकै नयाँ र रोचक अनुभव बन्यो। हामीले देखेका समस्याबाट व्यवसायिक विचार निकाल्न पनि सिक्यौं, जसले हाम्रो सोचलाई अझ सिर्जनात्मक बनायो।" यस कार्यक्रममार्फत विद्यार्थीहरूले केवल तथ्यांक संकलन मात्र नभई समाजका वास्तविक समस्या पहिचान गरी त्यसका लागि सम्भावित व्यवसायिक समाधान खोज्ने अभ्यास समेत गरेका थिए।

कार्यक्रमलाई प्रभावकारी बनाउन विद्यालयका निर्देशक नारायण न्यौपाने र शिक्षक कुशल तिमिल्सिना र भोला अर्यालले विद्यार्थीहरूलाई पूर्व-तालिम प्रदान गरेका थिए। उनीहरूले फिल्डमा नै पुगेर विद्यार्थीहरूको कार्यको अवलोकन तथा पर्यवेक्षणसमेत गरेका थिए।

बिहानी सत्र संयोजक कुशल तिमिल्सिनाले यस कार्यक्रमलाई अत्यन्त उपयोगी ठहर गर्दै भने, "पुस्तकमा पढेको कुरा व्यवहारमा देख्दा विद्यार्थीहरूको बुझाइ अझ गहिरो हुन्छ। उनीहरूले व्यवसायका चुनौती र अवसर दुबैलाई नजिकबाट अनुभव गरेका छन्, जुन भविष्यका लागि महत्वपूर्ण सिकाइ हो।" विद्यालयका उप प्राचार्य ज्ञानेश्वर सुबेदीका अनुसार यस्ता व्यवहारिक तथा सिर्जनात्मक कार्यक्रमहरूले विद्यार्थीहरूको समग्र विकासमा महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास लिइएको छ।


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : मानसिक तनाब |
| वृष | : शत्रुको भय | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : कार्यमा सफलता | धनु | : ब्यापारमा लाभ |
| कर्कट | : सत्कार मिल्नेछ | मकर | : झमेला बढ्ने |
| सिंह | : अप्रत्यसित लाभ | कुम्भ | : शुभ यात्रा |
| कन्या | : शारीरिक झमेला | मीन | : स्वास्थ्यमा सुधार |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस्।


# सार्वजनिक सूचना

कास्की जिल्ला भरतपोखरी -३३ बस्ने सर्मिला अधिकारी (ना.प्र.नं.४६१००३-६२८)को नाममा रहेको पोखरा महानगरपालिका वडा नं. २९ माछापुच्छ्रेमार्गको कित्ता नं. १००४६ को क्षेत्रफल १५४.९९ वर्गमिटर भएको जग्गामा घर निर्माण कार्य गर्ने क्रममा पश्चिम तर्फ बाटो पूर्व कि.नं.९६८०, १०९३२, उत्तर तर्फ कि.नं.१००४५ र दक्षिण तर्फ कि. नं. १०४९३ का सधियारा फेला नपरेको हुँदा उक्त निर्माण कार्य गर्दा बाधा पर्ने भए यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस पोखरा महानगरपालिका वडा नं. २९ को कार्यलयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

# बेनीमा 'वडा पर्यटन परियोजना'

**सन्तोष गौतम**
म्याग्दी, २७ चैत/रासस

बेनी नगरपालिकाले 'वडा पर्यटन परियोजना' सञ्चालन गरेको छ । पर्यटकीय पूर्वाधारमा मौलिकता र नवप्रवर्तनलाई जोड दिन नगरपालिकाका १० वटै समेटेर परियोजना सञ्चालन गरेको हो ।

नगरप्रमुख सुरत केसीले सबै वडामा परियोजना सञ्चालन गर्नका लागि योजना छनोट गरी नगरपालिका, प्रदेश, सङ्घीय सरकार र निजी क्षेत्रसँग साझेदारी गर्ने नीति लिएको बताउनुभयो । "म्याग्दी र कालीगण्डकी नदीको दोभानमा रहेको बेनीबजार मुस्ताङस्थित हिन्दू तथा बौद्ध धर्मावलम्बीहरूको साझा तीर्थस्थल मुक्तिनाथको प्रवेशद्वारका रूपमा परिचित छ", उहाँले भन्नुभयो, "मुस्ताङ जाने र आउने पर्यटक तथा तीर्थयात्रीलाई बेनीबजार र आसपासका क्षेत्रमा भुलाउने, बसाइ लम्ब्याउने उद्देश्यले पूर्वाधार निर्माण र प्रचारप्रसारमा जोड दिएका हौँ ।"

बेनी-जोमसोम सडक भएर गत आर्थिक वर्षमा आठ लाख जना पर्यटक मुस्ताङ भ्रमणमा गएका थिए । सङ्घीय पर्यटन मन्त्रालयसँग वडा नं ५ को पछैमा उद्यान निर्माण गरेर हिन्दू धर्मग्रन्थ रामायणका पात्र रावणको २१ फिट अग्लो, १० वटा टाउको भएको, ढलोट धातुले बनेको र पित्तलको जलप लगाएको मूर्ति स्थापना गरेको नगरपालिकाले चालु आर्थिक वर्षमा गलेश्वर बजार सौन्दर्यकरण परियोजनालाई निरन्तरता, लभ्लीहिल पर्यटन पूर्वाधार र बेनीमा शान्ति पार्क निर्माण योजना अघि बढाएको छ । नगरपालिकाले रु ३० लाख बजेट विनियोजन गरेको गलेश्वर बजार



सौन्दर्यकरण योजनामार्फत गलेश्वर शिवालय क्षेत्र विकास कोषसँग साझेदारी गरेर रु ४८ लाख ७४ हजारको लागतमा दुई ९५ मिटर दूरी सडकमा एक हजार ७१८ दशमलव पाँच घनमिटर स्लेट ढुङ्गा बिछ्याउने र ३० मिटर लामो नाली निर्माणकार्य अन्तिम चरणमा पुगेको छ ।

रु २५-२५ लाख बजेट विनियोजन भएको लभ्लीहिल पर्यटन प्रवर्द्धन र शान्ति पार्क निर्माण योजना कार्यान्वयनको चरणमा रहेको नगरपालिकाले जनाएको छ । नगरपालिकाको पर्यटन प्रवर्द्धनका लागि चालु आर्थिक वर्षमा रु एक करोड चार लाख बजेट विनियोजन भएको उपप्रमुख ज्योति लामिछानेले बताउनुभयो। बेनीबजारको दायाँतर्फ रहेको कालीगण्डकी नदी किनारमा निर्माण भएको चक्रपथको वडा नं ८ को भूगोलभित्र सडकको डिलमा रेलिङ राखेर फुटपाथ बनाउने र सडक बत्ती जडान गर्ने काम अन्तिम चरणमा पुगेको छ । वडा नं ८ मा रहेको एक सय वर्ष पुरानो गणेश मन्दिरमा पित्तलको छानो राखेर पुनर्निर्माण भएको छ ।

कुन वडामा कस्तो परियोजना ?

बेनी नगरपालिकाले पर्यटनसँग सम्बन्धित १० वटै वडाका योजनालाई छनोट गरी प्राथमिकीकरण गरेको छ । वडा नं १ रत्नेचौरको लामो झोलुङ्गे पुल, श्रीलक्ष्मीहरि मन्दिर र तोरीबारी हुँदै ज्यामरुककोट, बेलढुङ्गा जोड्ने पदमार्गलाई प्राथमिकतामा राखिएको छ । वडा नं २ मा रहेको लक्ष्मीहिलमा सार्वजनिक निजी साझेदारीअन्तर्गत 'लिफ्ट ब्रिज' बनाउन सम्भाव्यता अध्ययनका लागि निजी क्षेत्रसँग छलफल थालिएको नगरप्रमुख केसीले बताउनुभयो । यस वडामा रहेको ज्यामरुककोटको पुनर्निर्माण, पदमार्ग र गौश्वारामा समुदायको अगुवाइमा ३८ फिट अग्लो गोवर्द्धनको मूर्ति स्थापना भएको छ । गौश्वारा पर्यटन पूर्वाधारका लागि नगरपालिकाले यस वर्ष रु १५ लाख बजेट विनियोजन गरेको छ । वडा नं ३ मा रहेको भकिम्लीको बेलढुङ्गालाई दृश्यावलोकनस्थलका रूपमा विकास, धार्मिकस्थल स्वर्गाश्रममा पर्यटन पूर्वाधार तयार तथा बाघखोरमा उद्यान निर्माण भएको छ । प्राकृतिक उपचारस्थलका रूपमा परिचित सिङ्गा-तातोपानी कुण्ड अवस्थित वडा नं ४ मा कुण्डको संरक्षणका साथै जलाशय बनाउने योजना निर्माणका लागि सङ्घीय ऊर्जा, सिँचाइ तथा जलस्रोत मन्त्रालयमा प्रस्ताव गरिएको छ । वडा नं ५ मा रहेको पछै, जगन्नाथ, ढोलथान र केभहिल, वडा नं ६ मा रामशीला स्मारकस्थल र गुफा राममन्दिरलाई छनोट गरिएको छ । महारानीथान, लक्ष्मीनारायण, शिवालय, भगवती, मन्दिर रहेको बेनी नगरपालिका-७ र ८ को भूगोलमा पर्ने बराहपाखोमा 'राउण्ड बेनी, भ्यू बेनी' योजनाअनुसार पदमार्ग निर्माण योजनालाई निरन्तता दिएको छ । वडा नं ८ मा रहेको जलेश्वर गुफा पुनर्निर्माण गरी शालग्राम सङ्ग्राहलय स्थापना र कोट भण्डार क्षेत्रमा टक्सार पुरातात्विक सांस्कृतिक सङ्ग्रहालय स्थापनाका गर्ने योजना रहेको छ ।

कालीगण्डकी शुद्धताका लागि बेनीस्थित म्याग्दी र कालीगण्डकी नदीको दोभानमा शवदाहस्थल निर्माण भएको थियो । वडा नं ९ को गलेश्वरधामदेखि पुलाश्रम, घतानकोत, ढोल्ठान दरबार र जगन्नाथलाई समेटेर एकीकृत पर्यटन योजना कार्यान्वयनमा छ । वडा नं १० पात्लेखेतको सिद्धाश्रम, घारसुन्ना, राधाकृति मन्दिर, वाखेत घरबास सञ्चालन र टोड्केको पर्यटन विकासका योजनालाई प्राथमिकता दिइएको छ । 'समृद्ध पर्यटकीय बेनी नगर' भन्ने अवधारणाअनुसार बेनीलाई पर्यटकीय, धार्मिक र आध्यात्मिक पर्यटनको केन्द्र बनाउने प्रयास गरिएको नगरप्रमुख केसीले बताउनुभयो । उहाँका अनुसार बेनीस्थित कालीगण्डकी र म्याग्दी नदीमा 'सिल्टेसन ड्याम' निर्माण गरी 'स्टिमर' सञ्चालनको सम्भाव्यता अध्ययनको चरणमा रहेको छ ।

# माउन्ट अन्नपूर्ण माविमा १२ का विद्यार्थीलाई विदाई

**पोखरापत्र संवाददाता**
पोखरा, २७ चैत

पोखराको नदिपुरमा रहेको माउन्ट अन्नपूर्ण माविका कक्षा १२ अन्तरगत होटल म्यानेजमेन्ट तथा म्यानेजमेन्टका बिद्यार्थीलाई शुक्रवार बिदाई गरिएको छ । कक्षा १२ को अन्तिम परीक्षाको तयारीमा रहेका विद्यार्थीका लागि विदाई कार्यक्रम आयोजना गरिएको हो ।

कक्षा ११ का विद्यार्थी र बिद्यालयको संयोजनमा भएको कार्यक्रममा विद्यालय संचालक समितिका अध्यक्ष सुरज प्रकाश प्रधानाङ्गले उदघाट्न गरेका थिए। उक्त अवसरमा बोल्दै प्रधानाङ्गले बिद्यार्थी बिदाई भएर गए पनि उनिहरु बिद्यालयको हिस्सा भएको बताए । उनले आगामि दिनहरुमा पनि बिद्यार्थीहरु सगँ सहकार्य गर्ने बताउदै उज्जवल भविष्यको कामना गरे । विद्यालयका प्राचार्य सइन्द्रराज श्रेष्ठले म्यानेजमेन्ट र होटल म्यानेजमेन्ट दुबै व्यवहारिक विषय भएकोले यसैको जगमा उभिएर स्वरोजगार बन्न सक्ने शैक्षिक मार्ग रोज्नु पर्ने सुझाव दिए । विद्यालयका इसिए




निर्देशक तेज बहादुर गुरुङले बिद्यार्थीले गरेको सामाजिक काम र अतिरिक्त क्रियाकलापमा देखाएको उर्जा र हात पारेको उपलब्धीले विद्यालयलाई ठुलो योगदान पुगेको बताए । शिक्षक ऋषी खतिवडाले आगामि दिनमा अझै मेहनतका साथ अध्ययन गरेमा मात्र सफलता हात पर्ने भएकोले विद्यार्थीले पढाईमा जोड दिनुपर्ने बताए । कक्षा १२ का विद्यार्थी छात्रा शान्ती गुरुङले भविश्य उज्जवल बनाउनका लागि अग्रजले देखाएको बाटोले आगामी पुस्तालाई सहज हुने बताइन् । बिदाई कार्यक्रममा बिद्यालयका अध्यक्ष प्रधानाङ्ग, प्राचार्य श्रेष्ठ, अतिरिक्त क्रियाकलाप निर्देशक गुरुङ, पूर्व अध्यक्ष चिजकाजि गुरुङ, प्रोमोटर तथा प्रशासक चित्र गुरुङ र गिरि प्रसाद गुरुङ, सोसल सरर्भिस क्लवका उपाध्यक्ष राजन तामाङ, शैक्षिक संयोजक गोबिन्द सुवेदी बिद्यार्थीहरु प्रति पाइजा र सोनि गिरी लगायतले विद्यार्थीलाई विदाई गरेका थिए ।

उक्त अवसरमा कक्षा ११ र १२ का विद्यार्थीले विभिन्न सांस्कृतिक कार्यक्रम मार्फत मनोरञ्जन पनि प्रदान गरेका थिए भने, शैक्षिक सत्रमा बिभिन्न बिधामा उत्कृष्ट हुनेहरुलाई अवार्डले सम्मान गरिएको थियो । माउन्ट अन्नपूर्णमा म्यानेजमेन्ट, होटल म्यानेजमेन्ट र माउंटेनियरिङ बिषयमा कक्षा १२ सम्म पढाइ हुन्छा यो गण्डकी प्रदेशकै निजी स्तरबाट सञ्चालित पहिलो बिद्यालय हो ।

# बुद्ध विशाल बजारमा नयाँ वर्षको शुभकामना सहित क्यालेन्डर बिमोचन

**पोखरापत्र संवाददाता**
पोखरा, २७ चैत

बुद्ध विशाल बजार व्यापारिक एशोशियसनले नयाँ वर्षको शुभकामना सहित २०८३ सालको टेबल क्यालेन्डर बिमोचन गरेको छ।

एशोशियसनको कार्यसमिति उप समिति तथा सल्लाहकार सहितको उपस्थितिमा भएको क्यालेन्डर बिमोचन कार्यक्रममा बोल्दै बुद्ध विशाल बजार व्यापारिक एशोशियसनका मानार्थ सदस्य तथा सल्लाहकार केशब बहादुर खत्रीले व्यवसायी साथीहरूको हकहितको लागी आफू सदैव ब्यवसायी साथीहरूको साथमा रहेको बताउदै बुद्ध विशाल बजार पोखराको गहना रहेकोले यस भित्र व्यवसाय गर्ने हामी व्यवसायी साथीहरू मिलेर व्यवसाय प्रवर्द्धनका लागि अगाडि बढ्नुपर्ने बताए । बुद्ध विशाल बजार व्यापारिक एशोशियसनका पुर्व अध्यक्ष तथा सल्लाहकार माधव प्रसाद सिग्देलले व्यवसायीको



एकताले गर्दा नै विशाल बजारले विभिन्न सुधार गर्दै परिवर्तन गरिरहेको बताए। बुद्ध विशाल बजार व्यापारिक एशोशियसनका अध्यक्ष बुद्धि वहादुर कुँवरले सम्पुर्ण व्यवसायीलाई नयाँ वर्ष २०८३ को शुभकामना दिदै नराम्रा कुरालाई भुलेर नयाँ र राम्रो कुरा सिक्दै व्यवसाय बृद्धिमा लाग्न व्यवसायीहरूलाई आग्रह गरे ।

कार्यक्रममा बुद्ध विशाल बजार व्यापारिक एशोशियसनका उपाध्यक्ष तथा क्यालेन्डर प्रकाशन समितिका संयोजक मनोहरि पौडेलले संस्थालाई चलायमान बनाउनको लागी एशोशियसनले यस्ता नियमित कार्यक्रमहरू गरिरहेको बताउदै बुद्ध विशाल बजार व्यापारिक एशोशियसनमा साधारण सदस्य तथा सल्लाहकार पुर्व अध्यक्षहरूको हैसियत एउटै रहेकोले संस्थालाई समय नदिने र असहयोग गर्ने व्यक्तिहरूलाई संस्थाले सम्मान दिईराख्नुपर्ने जरूरत नरहेको बताए । बुद्ध विशाल बजार व्यापारिक एशोशियसनका महासचिव थमन सिह गुरूङले सन्चालन गरेको कार्यक्रममा विगत ३३ महिना देखि कार्यालय सचिवको रूपमा कार्यारत कार्यालय सचिव सम्झना कुमारी थापालाई विदाई गरिएको थियो । आफ्नो घरायसी कारणले कार्यालय सचिवबाट उनले राजिनामा दिएकी थिईन् ।

# प्रदेश आयुर्वेद चिकित्सालयबाट २२ हजार ८५६ जनाले लिए सेवा

**पोखरापत्र संवाददाता**
तनहुँ, २७ चैत

प्रदेश आयुर्वेद चिकित्सालय दमौलीमा आयुर्वेदिक उपचारतर्फ बिरामीको आकर्षण बढ्दै गएको छ । चालु आर्थिक वर्षको साउनदेखि फागुन मसान्तसम्मको आठ महिनामा २२ हजार ८५६ जनाले सेवा लिएका छन् ।

तनहुँसहित छिमेकी जिल्ला लमजुङ, कास्की, चितवन, गोरखाबाट समेत बिरामी उपचारका लागि आउने गरेको सो कार्यालयले जनाएको छ । कार्यालयबाट दिइने सेवा प्रवाह छिटो छरितो र प्रभावकारी भएका कारण बिरामीको आकर्षण बढदै गएको कविराज निरीक्षक एवं सूचना अधिकारी सोमकान्त पौडेलले जानकारी दिनुभयो ।

सूचना अधिकारी पौडेलका अनुसार साउनमा दुई हजार ६५३, भदौमा एक हजार ८९९, असोजमा एक हजार ४८३, कात्तिकमा दुई हजार १३७, मङ्सिरमा तीन हजार ८२२, पुसमा चार हजार ६३७, माघमा तीन हजार ३२, फागुनमा तीन हजार १९३ जनाले सेवा लिएका छन् ।

उक्त चिकित्सालयमा स्नेहन, श्वेदनबाहेक दैनिक ३५ देखि ६५ सम्म बिरामी उपचारका लागि आउने गरेका छन् । उहाँले भन्नुभयो, "अधिकांश बिरामी पेटसम्बन्धी समस्याका हुने गरेका छन् ।" कार्यालयका अनुसार ओपिडी सेवा बिहान ९:०० बजेदेखि अपराह्न ३:०० बजेसम्म नियमित सञ्चालनमा हुँदै आएको कार्यालय प्रमुख आयुर्वेद चिकित्सक डा नारायण श्रेष्ठले बताउनुभयो । उहाँका अनुसार विशेषगरी अम्लपित्त, बाथ, श्वासप्रश्वास, फिसर फिस्टुला, प्रेसर, सुगर, महिला प्रसूतिलगायत बिरामीको सङ्ख्या अधिक हुने गरेका छन् ।


## ए. पी. डिस्टिलरी प्रा. लि.
## जुम्ला, नेपाल
## मूल्य सूची सम्बन्धी सूचना

यस उद्योगबाट उत्पादित उल्लेखित ब्राण्डका मदिरा नेपाल अधिराज्य भित्र बिक्री वितरण गर्न आ.व. २०८२/०८३ का लागि मिति २०८२/१२/२८ देखि लागू हुने गरी निम्न बमोजिम मूल्य संशोधन गरिएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। प्रकाशित मूल्यमा अन्तःशुल्क, मू.अ.कर समेत समावेश गरिएको छ।

| ब्राण्ड | साईज | यु. पी. | रिजनल डिष्ट्रिब्युटर्स मूल्य | रिजनल डिष्ट्रिब्युटर्स कमिशन | | डिष्ट्रिब्युटर्स मूल्य प्रति कार्टुन | डिष्ट्रिब्युटर्स कमिशन प्रति कार्टुन | % | होलसेल मूल्य प्रति कार्टुन | होलसेल कमिशन प्रति कार्टुन | % | रिटेल मूल्य प्रति कार्टुन | रिटेल कमिशन प्रति कार्टुन | % | उपभोक्ता मूल्य प्रति कार्टुन | उपभोक्ता मूल्य प्रति पिस |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| SPINY BABBLER BRANDY | 750 | 25 | 20256 | 667 | 3.3 | 20923.00 | 986.00 | 5 | 21909.00 | 1136.00 | 5 | 23045.00 | 2155.00 | 9.35 | 25200.00 | 2100 |
| | 180 | 25 | 20256 | 667 | 3.3 | 20923.00 | 986.00 | 5 | 21909.00 | 1136.00 | 5 | 23045.00 | 2155.00 | 9.35 | 25200.00 | 525 |
| TURBO BRANDY | 750 | 30 | 12852 | 756 | 5.9 | 13608.00 | 840.00 | 6 | 14448.00 | 1032.00 | 7 | 15480.00 | 1320.00 | 8.53 | 16800.00 | 1400 |
| | 180 | 30 | 12852 | 756 | 5.9 | 13608.00 | 840.00 | 6 | 14448.00 | 1032.00 | 7 | 15480.00 | 1320.00 | 8.53 | 16800.00 | 350 |
| TREND RED / WHITE BOX WINE (4*4) LTR | 4 Ltr | 10.0% | 8475 | 1125 | 13.3 | 9600.00 | 700.00 | 7 | 10300.00 | 700.00 | 7 | 11000.00 | 1000.00 | 9.09 | 12000.00 | 3000 |
| KINGS HILL Red/white Box Wine (4*4) LTR | 4 Ltr | 10.0% | 8475 | 1125 | 13.3 | 9600.00 | 700.00 | 7 | 10300.00 | 700.00 | 7 | 11000.00 | 1000.00 | 9.09 | 12000.00 | 3000 |
| AP RED / WHITE PREMIUM WINE 750 ML | 750 | 10.0% | 7800 | 480 | 6.2 | 8280.00 | 600.00 | 7 | 8880.00 | 620.00 | 7 | 9500.00 | 700.00 | 7.37 | 10200.00 | 850 |
| AP RED/ WHITE WINE REGULAR 750 ML | 750 | 11.0% | 6420 | 425 | 6.6 | 6845.00 | 430.00 | 6 | 7275.00 | 435.00 | 6 | 7710.00 | 690.00 | 8.95 | 8400.00 | 700 |

नोटः उपरोक्त बिक्री मूल्यहरुमा व्यपारीक एवं अन्य छुटहरु समाबेश गरिएकोले अवश्यकता अनुसार विभिन्न तहमा व्यपारीक एवं छूटहरु र हाल अनुमान गर्न नसकिने खर्चहरुको सोधभर्ना दिन सकिने छ। नगद छूटको हकमा पनि कम्पनीको अधिकृत बिक्रेताहरुले तथा अन्य तोकिएका बिक्रेताहरुले कम्पनीले तोके बमोजिम मात्र कमिशन प्राप्त गर्नुपर्नेछ।